RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 50 | अंक - 6 | अगस्त 2021 मासिक पत्रिका | मूल्य 9/- | पृष्ठ 12



## सभा द्वारा छात्रवृत्ति वितरण



गोर्खाली सुधार सभा द्वारा संचालित
नेपाली भाषा पठन पाठन पाठ्यक्रम चयन समिति --
श्री भूपेंद्र अधिकारी, डॉ० मन कुमारी गौतम एवं
सुश्री पूजा सुब्बाज्यू द्वारा पाठ्यक्रम पुस्तक हरूको
चयन सफलता पूर्ण सम्पन्न भयो



## भारतीय गोर्खा परिसंघ को तत्वावधान मा ‘‘ 29 औं नेपाली भाषा मान्यता दिवस समारोहको आयोजन ।



17 अप्रैल 1938

# गोर्खाली सुधार सभा

**17 अप्रैल 1938**
**गोर्खाली सुधार सभा**
**देहरादून**
**वर्ष –50, आगस्त 2021**

**सम्पादक**
**कर्नल(अ.प्रा.) जीवन कुमार क्षेत्री**

**विशेष सहयोग**
**श्रीमती प्रभा भााह**

**स्वामी / मुद्रक / प्रकाशक**
**अध्यक्ष**
**गोर्खाली सुधार सभा**

**मुख्य कार्यालय**
**गोर्खाली सुधार सभा मेजर धनसिंह थापा परमवीर चक्र मार्ग, गढ़ी कैन्ट,**
**देहरादून फोनः 0135–2756070**
**9897440879**

**वितरक**
**सभा शाखाध्यक्ष**
**डिजाइनिंग टाइप सेटिंग**
**विमला थापा**


**प्रकाशन कार्यालय**
**वाणी प्रिंटिग प्रेस, धोसी गली, देहरादून, उत्तराखण्ड**

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

घेरै समय छैन, अर्को वर्ष 2022 मा हुने उत्तराखण्ड राज्यको बिधान सभाको चुनावको निम्ति। गणतन्त्र राष्ट्रमा चुनाव एकटा उत्सव हो। यो उत्सव आफ्नै बिजयको अनि सपना हो। संविधानले दिएको सबै भन्दा बलियो अधिकार 'मत अधिकार' हो अनि यो अति शक्तिशाली पनि हो। गौर्खा समुदाय एक सर्व सम्पन्न जाती हो जसको संख्या 12–15 लाख छ। यनि ठुलो संख्या भएको गोर्खा हरूले आफ्ने जनमतको सफलता चाख्न पाएको छैनन्। अरूलाई खुशी र सुखी देख्न चहाने हामी, सबैको साथी बन्न खोजने हामी, अरूलाई नबिजाउन चहाने हामी – कहिले सम्म हामी यसरी रहने। यो हाम्रो कमजोरी होइन, तर हामीलाई कमजोर बनाई रहेको छौं। हामी अबुझ पनि होइनौं। राजनीतिको महत्त्व र आवश्यकता बारे पनि जानकार छौं, यद्यपि, हामी यो राजनीति सित किन अछुत रहने। 42 वर्ष पुगेको ''गोर्खा डेमोक्रेटिक फ्रंट'' को परिणाम (चुनावी) अहिले सम्म 'शुन्य' नैं छ। सन् 1924 मा स्थापित 'आखिल भारतीय गोर्खा लीग' ले त्यस समयको अंग्रेज शासन सित पनि बलियो सम्पर्क राख्न सफल रहेको थियो। गोर्खा समुदायको समस्या हरूलाई सठीक रूपमा पुरयाउन सकेको थियो। तर त्यो पार्टी पनि दीर्घायु रहन सकेन, एघार बर्षाको उमेरमा नै मृत्यु शैय्यामा पर्‍यो। त्यस समय राजनैतिक चेतना थियो, त्यसै कारणले बीच – बीचमा राजनैतिक पार्टी ले जन्म लियो तर लामो अवधि सम्म जीउँदो रहन सकेनन्। एकताको कमी भनौं, नेतृत्वको या हाम्रा अग्रजहरूको दुरदर्शिताको अभावमा, गोर्खाहरूको हितमा केहि उल्लेख हुन सकेन। भाषाले संवैधानिक मान्यता प्राप्त गरे पनि, भाषा बिशेषज्ञहरू, कला नाटक संस्कृतिका प्रतिनिधी हरूको प्रभावी कदमको अनुपस्थितीमा विभिन्न सुबिधा र अधिकार हरूबाट आज पनि बञ्चित छौं। अब पनि हामी मौन रहे, सर्व सम्पन्न समुदाय वर्ग बाट पनि हराउने छौ। राजनैतिक दरिद्रता एक अभिशाष हो। यस दरिद्रता बाट उन्मुक्त पाउन पर्छ अनि मात्र हामी सर्व सम्पन्न समुदायको पंक्तिमा उभिनु सकने छौं नत्र भने, हामीलाई खड़ा हुनको निम्ति अरू कै सहारा चाहिन्छ, लहरालाई झाँक्रा चाहिए जस्तै। आवश्यक छ राजनैतिक परिप्रेक्षमा हाम्रो आफ्नै प्रतिनिधीको आफैले चुनेको, आफ्नै समुदायको नेतृत्व। हाम्रो मानिसहरू कुनै पनि राजनैतिक पार्टिमा किन नहोस्, तर कुनै स्थितीमा पनि गोर्खा समुदायको हितको, विकासको, अस्तित्वको बिषयमा झुक्नु हुँदैन, लड़नु पर्छ समुदायको अधिकारको निम्ति संघर्ष गर्नु पर्छ, आँट राख्नु पर्छ। यो सब सम्भव छ, जब हामी सब एक हुन्छौं, एकमत हुन्छौं। हामी एउटा समुदाय हौं, आफनै स्वाभिमान हुनै पर्छ, आफ्नै परम्परा र संस्कारमा आधारित हाम्रो व्यवहार हुनै पर्छ। हामी कसैको पेवा होइन, हाम्रो अस्तित्व छ, भाषाको साहित्यको संगितको, कलाको संस्कृतिको परम्पराको संस्कारको आदि। आसाम कै गोर्खा हरूलाई हेरों भने एकता र एकमत पाइन्छ। एकतामा स्वाभिमान छ, शक्ति छ यसैमा त विजय निश्चय हुन्छ। 22,000 गोर्खाहरू NRC बाट मुक्त भए अनि सबैलाई गोर्खा भनेर सम्बोधन गर्ने आदेश आसाम बिधान सभाले पास गर्‍यो। त्याहाँ पनि थुप्रै सभा र संस्थाहरू छन, आफ्नै संविधानको, उद्देश्यको अनि समुदायको सपना, आकांक्षा र आवश्यकता सबैको सर्वोपरि छ, कसैको पेवा भएन। जति नै सघं संस्था भए पनि 'गोर्खा' ले कमाएको अस्तित्व र गौरवलाई विलिन हुन दिन हुँदैन। यस्तै सोंच अनि समुदाय प्रति 'गर्व' छ अनि गौरवमय मान्छौं भने हामी पनि अजेय शक्ति बन्न मात्र मा खुशी र गर्विर्त नबनौं। मत अधिकारको प्रयोग हाम्रो हितको लागी गरौं, जो हित हाम्रो संवैधानिक अधिकारमा आधारित छ। हाम्रो चिन्तन मन्थन बाट निस्किएको 'निर्णय' केवल बैठक कक्षको चार दिवारी भित्र सम्म मात्रै सिमित न रहोस्। समाजको प्रत्येक सदस्यलाई यो निर्णय पुरयाउन पर्छ। हाम्रो एकताको प्रदर्शन नै हाम्रो शक्ति हो। हामी क्यारेम बोर्डको गोटी नबनौं, क्यारेमको खेलाड़ी बनौं, तबै मात्र हामी एक सुदृड़, अनि सर्व सम्पन्न बन्न सक्छौं, देशको अन्य समुदाय जस्तै एकसाथ अग्रिम पंक्तिमा रहन सक्छौं।

# अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

हामी एउटा समुदाय, गोर्खा समुदाय, एउटा सम्पन्न समुदाय, जसको इतिहास छ, भाषा छ, सहित्य संस्कृति छ अलगै अस्तित्व वीर वीरता, बहादुरी, परिश्रमी अनि इमान्दारी को। तर खेदको कुरो, वर्तमान पींडिको सोच झुकाव तथा अभिरूची विलीन हुँन जान्दैछ। भाषा प्रति रूची छैन भने आफ्नै समाज प्रति झुकाव देखिन्न। अनि यो सकारात्मक सन्देश होइन। यस्तै रहे हामी गोर्खा पनि विलुप्ती तथा विलयको दलानमा पुग्न लागेको छौ। युवाहरूको यंस नकारात्मक प्रवाह, रूझान, झुकाव लाई बदल्नु अति आवश्यक छ। यसको निम्ति सामाजिक तत्वहरू सम्बन्धित भाषा, शिक्षा, सहित्य संस्कार प्रति युवाहरूलाई सचेत गराउन पर्छ अनि हरेक पहलुमा उनी हरूलाई गाभ्नु पर्छ भागेदारी बनाउन पर्छ। सभा, संग, संगठन तथा समाजले यसमा मुख्य भ्सुमिका निमाउन सक्छ। सस्कार र संस्कृति प्रति जागरूकता अवइयै छ, अब यस जागरूकता कइि एकतामा बदलनु पर्छ र 'एकता' नै हर सफलता र बिजय को हथियार हुन। यसको निम्ति क्षेत्रिय स्तरमा 'समुह' लाई अवगत गराउन पर्छ, एक बार होइन बार – बार। केन्द्रिय स्तरमा यस्तै गौर्खा जागरूकता अभियान को रूपमा आफ्नो जाती समाजको अस्तित्व र गौरवमय इतिहासको जानकारी पुरयाउन पर्छ। राजनैतिक परिप्रेक्ष्यमा गौर्खा हरू हनु पर्छ। यस्को निम्ति 'एक गोर्खा' को संगठित चेहराले संविधान ले दिए को सबै भन्दा, बलियो अनि सक्ष्म अधिकार ''मतदान'' को अधिकार बारे जनचेतना को अवाश्यकता छ। यो हामी सबैले समाज र समुदाय को विकास र अस्तित्वको एउटा ''सक्ष्म हथियार'' मानेर यसको लाभ उठाउन पर्छ। हाम्रो राजनैतिक शक्ति हाम्रो संगठित मत अधिकार हो। यो हाम्रो राजनैतिक परिप्रेक्ष्यमा हुनु नै हाम्रो अन्य ताकत लाई अजेय शक्ति बनाउने छ। आवश्यक छ भाषा, सहित्य, संस्कार, सस्कृति को एकमत अनि एक जुटको अनि राजनैतिक परिवेशमा हाम्रो उपस्थितीको यादगरौ, आज भन्दा झण्डै 94 वर्ष अधि लेखिएको कविताको एक पंक्ति उदघृत गर्दैछु जसले राजनैति को महत्तव लाई दशाँउँछ :–

'' हिन्दु, मुसलमान, ईसाई जातीको
कत्रो जोर छ यहाँ राजनीतिको
हाम्रो पनि सम्मति राजकाजमा
पर्ला लिनु, मले भएमा समाजमा''
{03 मई 1927, देहरादून बाट प्रकाशित पत्रिका गौर्खा संसानू हामो पाताल यात्रा कविता बाट उदधृत}
प्रण लियौ, नफुठौ जौदियौ, नसुतौ जागौं।

धन्यवाद

**अध्यक्ष**

# महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

भर्खरै, उत्तराखण्ड सरकार द्वारा निर्मित तथा लच्छीवाला स्थित पर्यटन स्थल उद्‌घाटन भयो। उत्तराखण्डको काल संस्कार संस्कृतिको प्रदर्शन गरेर राज्य, राष्ट्रिय इत्यादिको जानकारी पुरयाउने सरकारको पहलको गौर्खा समुदाय स्वागत, साथै सराहना गर्छ। यस प्रदर्शन गौर्खा वेष भुषा (पहिरन र आभुषण) पनि सामेल छ। यो एउटा सुक्ष्म प्रदर्शन हो गोर्खा हरूको अस्तित्वको। हामी चहान्छौ, हामो अस्तित्व सिता जोड़िएको हाम्रो भाषा, साहित्य, कला संस्कृति, व्यन्जन, संस्कार र परम्परा आदि यहि अस्तित्वको अंग हुन। यी सबै प्रदशर्न हुन सके युगौ पुरानो हाम्रो अस्तित्वको जानकारी पुग्न सक्ने छ साथै यसको संरक्षण पनि। तर दुःखको कुरो वर्तमानमा युवा पीडिहरूमा यस प्रति झुकाव तथा अभिरूची कम छैन या नभएकै बराबर। यो चिन्ता जनक हो हामो संक्षम छौ यी सब हाम्रो अस्तित्व जोडिएको ती ऐतिहासिक वस्तु हरूको प्रदर्शन गर्नु। तर खेदको कुरो अभिरूची झुकाव को साथ एकता, एकजुत एकमतको आवश्यकता। अहिले समय छ, जागौ र जगाऔ र यी सब प्रति सबैलाई सचैत बनाउन समुदायको प्रत्येक व्यक्तिको जिम्मेदारी बन्नु आवश्यक। आज सुते, हाम्रो जाती, अनि हाम्रो समुदाय सुत्ने छन, एक चीर निद्रामा जस्को साथ हाम्रो 'गोर्खा' समुदाय हाम्रो वीर र वीरताको अस्तित्व भाषा साहित्य कला संस्कृति इत्यादि पनि सुत्ने छन कहिले नउठने गरि हाम्रो अस्तित्वलाई मेटाएर विलीन गराएर। होतोत्साही नबनौं, समय छ।

''सबै नै जाग्ने, सबैलाई जगाउने,
मिलि सबै एक भई,
बचाँउ आफ्नै अस्तित्वलाई''

धन्यवाद

**महामंत्री**

# अंतरंग सभा 14 अगस्त 2021 गोरखाली सुधार सभा

दिनांक 14 अगस्त 2021 बिहान गोर्खाली सुधार सभाको जनरल मानेकशॉ सभागारमा मासिक बैठक अतंरंग सभा माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा समपन्न भयो। अंतरंग सभा को विवरण यस प्रकार ले छ :–

1. **स्वागत सम्बोधन** – महामंत्री श्री गोपल क्षेत्री ज्यूले सबै अतंरग सभामा उपस्थित महानुभावहरूको स्वागत जनाउनु भयो तथा अन्य आंमत्रित विशिष्ट अतिथि हरूको अभिनन्दन गर्नु ययो।

2. **श्रद्धान्जली** – विगत माहमा दिवंगत हुनु भयेका सदस्य हरूको आत्मा शांति तथा शोक संतप्त परिवारले यो दुखः सहने शक्ति पाओस भनी दुई मिनटको शान्ति प्रार्थना भयो। दिवगंतहरूको सुचि :–

| | | | |
|---|---|---|---|
| क) | श्री महेन्द्र सिंह थापा | बेलरोड भारूवाला | 11/8/2021 |
| ख) | श्री मति सुमन गुरूंग | रायपुर | 05/8/2021 |
| ग) | श्री प्रेम सिंह थापा | रायपुर | 09/8/2021 |
| घ) | श्री केशर सिंह थापा पुर्व शाखाध्यक्ष | चन्द्रबनी | 29/7/2021 |
| ड) | श्री मती कमला थापा | रायपुर | 07/5/2021 |
| च) | श्री मती कमला गुरूगं | रायपुर | 13/5/2021 |
| छ) | श्री मती पूजा घले | रायपुर | 18/5/2021 |
| ज) | श्री बी.बी थापा | रायपुर | |
| झ) | कु. शिखा बोहरा | रायपुर | 22/6/2021 |
| ञ) | श्री अशोक बोहरा | रायपुर | 16/7/2021 |

3. <u>आमत्रित अतिथीहरू को वकतव्य</u> –

**क) श्री सैमसन प्रकाश, सलाहकार प्रमुख, लघु उद्योग** – राज्य सरकार द्वारा स्व रोजगार तथा उद्यम प्रोत्साहन हेतु विभिन्न योजना को घोषणो भयेको छ। यो सबै सुविधाको यदिकुनै महानुभावले नवीन उद्यम प्रारम्भ गर्नु हुन्छ भने सबै सुविधा हामीहरू ले निशुल्क प्रदान गर्ने छौ। कुनै पनी असमंजस न गर्नु होला, यदि प्रोजेक्ट रिपोट तथा अन्य सम्बंधित प्रकियामा हामीले पूर्ण सहयोग गर्ने छौ। आफ्नो रोजगार चलाउनु निम्ती यो योजना अत्यंत लाभकारी छ। समुहका उद्योग चलाउनु छ भने सरकार ले अन्य योजनाहरू चलाऐको छ, त्यसमा पनी लाभ लिन सकनु हुन्छ। हजुरले हामीलाई सभामा अवसर दियकोमा आभार छ।

**ख) डा० अजय परमार, प्रोफेसर, उत्तराखण्ड सस्कृत विश्वविधालय, हरिद्वार** – वर्तमान काल मानव जीवन धेरै ब्यस्त भये को छ, हामीहरूले यो व्यस्ततामा समय तथा जीवनको मुल्यांकन गर्ने प्रयास गरे का छौ। यस कार्यमा शोध पूरा भये पछि हामी फेरी हजुर हरू को समक्ष प्रस्तुत हुने छौ। हामीले वितरण गर्ने फॉर्म पढनु होला तथा भरे पछि जमागरि दिनु होस। सस्कृत विश्वविधालयमा अध्ययन गर्ने विद्याथीहरूलाई हामीले खेल क्षेत्रमा पनी धेरै प्रोत्साहित गर्द छौ हजुरले आफ्नो शाखाका बच्चा हरूलाई पठाउनु होस, हामी ले विशेष सहयोग गर्ने छौ।

**ग) डा० कुसुमलता पाण्डेय, आहार विशेषज्ञ** – सम्पूर्ण विश्व का घेरै जनसंख्या रोगग्रस्त छ तर सबै स्वस्थ देखिन छन शरीर लाई निरोग राख्नुमा पोषक तत्व हरू हुनु जरूरी द्द। केही ओषधिय गुण भय को तत्व हरूले पूरा गर्नु सक्दछौ साथै जीवन शैली अनुशासित पनी राख्नु जरूरी छ।

**घ) श्रीमती गीता थापा, महिला स्वास्थय सलाहकार** – महिला हरूको जीवन धेरै ब्यस्त छ, आफ्नो नीजी स्वास्थयामा ध्यान दिनु पर्छ, एलोपेथिक दवाईहरूले स्वास्थ्यमा दुष्प्रभाव आउछ, हामी ले आयुवैदिक, हाम्योपेथिक दवाई तथा स्वास्थ्यमा ध्यान दिये हामी रोगग्रंस्त देखी बचनु सकछौ।

**ड) विशिष्ट अतिथि पुज्य साध्वी देवादितीज्यू, महामंत्री हाम्रो स्वाभिमान ट्रस्ट हरिद्वार** – गोर्खाली सुधार सभाले समाजको उद्धार गरी रहको छ। हामी पनि यस पुण्य कार्यमा सहयोग गर्ने छौ। उत्तराखण्ड का गोर्खाहरूले यस कार्यमा मिली जुली कार्य गर्ने हो।

4. <u>अंतरंग सभा का ऐजेण्डा हरू</u> –
   - क) 15 अगस्त स्वतन्त्रता दिवसको कार्यक्रम
   - ख) 2 अक्टुबर गाँधी जयन्ति उपलक्षमा चित्रकला तथा अन्य प्रतियोगिता तैयारी
   - ग) वार्षिक अधिवेशन तथा भानु जयन्ति को असल खर्चाको ब्योरा
   - घ) 9 नवम्बर राज्य स्थापना दिवस सहभागिता वारे

5. <u>**पूर्वमाह अंतरंग सभा को विवरण तथा सम्पुष्टि**</u> –

विगत जूलाई माहको अंतरंग सभा कार्यवाही महामंत्रीज्यूले प्रस्तुत गर्नुभयो तथा आजको अंतरंग सभाले सम्पुष्टि दियो, महामंत्री ज्यूले सबै महानुभावहरू को आभार व्यक्त गर्नु भयो।

6. **आय – व्ययको विवरण तथा सम्पुष्टि** –

कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले विगज जुन तथा जुलाई माहको आय – व्ययको ब्योरा अंतरंग सभा समक्ष प्रस्तुत गर्नु भयो, शंकाहरूको समाधान गरे पछि सभाले सम्पुष्टि दियो।

7. <u>समाले गरेको पत्राचार हरू</u> –
   - क) श्री पुरूषोतम भण्डारीज्यू लाई पुस्तक उपहार दियेको धन्यवाद पत्र पढाये को छ।
   - ख) नवीन भवन निर्माण तथा अन्य वस्तुहरू की क्रम गर्नु निम्ती सकिती गठन गरेको छ।
   - ग) शाखाध्यक्ष तथा शाखा का प्रतिनिछीहरूले वार्षिक अधिवेशन मा अनुपस्थिती की कारण सोधेका छौ।
   - घ) केबिनेट मंत्री श्री गणेश जोशी ज्यू लाई विधायक निधि प्रदत्त 11 लाख रुपिया एकमुश्त दिने अनुरोध पठाये द्यौ।
   - ड) माननीय मंत्रीज्यू सित यो निर्माण कुनै पनी राजकीय संस्था लाई दायित्य दिने अनुरोध पनी गरेका छौ।
   - च) श्री गोपाल थापा गॉव खरोडा, चकराता की सुपुत्री को खोज निम्ती प्रशासन लाई पत्र दियेका छौ।
   - छ) वार्षिक अधिवेशन रिपोट उपनिवन्धक कार्यालयका प्रेवित गेरका छौ।
   - ज) नेपाली फार्म तिराहा नाम परिवर्तन न गर्ने पत्र माननीय मुख्य मंत्रीज्यूलाई प्रेषित गरे का छौ।
   - झ) संवेधनिव भाषा नेपालीलाई राज्यका अध्यक्ष गर्नु निम्ती माननीय मुख्य मंत्रीज्यू लाई पत्र पठाऐ का द्यौ।
   - ञ) गोर्खा जातिका उपजातिहरू द्योडेर अनुसूचित जनजाति मा गाबिने पत्र संयुक्त सचिव भारत सरकार तथा मुख्य सचिव उत्तराखण्ड लाई पठाए का द्यौ।

ट) श्री एम. एल. थापाज्यू लाई विद्युत खर्च भार भुगतान गर्ने पत्र दिये को द्द।

8. **सूचनाहरू** –

क) AIGEWA को वार्षिक अधिवेशन भई रहेको छ, शाखामा कुनै ऐजेण्डा तथा गतिविधीहरू भयेको छ भने सभा कार्यालयमा सूचित गर्नु होला।

ख) CA रिर्पोट तैयारी भये को छ।

ग) वर्ष 2021 शिक्षण परिक्षाको छात्रवृत्ति वितरण शुरू भयेको छ।

घ) रेडियो घाम छाया प्रसारण निम्ती आर्थिक अनुदान निवेदन आये को छ।

ङ) प्रयाग मानव सेवा समिती खटीमाले आर्थिक अनुदान मांग निवेदन पठायेको छ।

च) डी. डी. स्कूल गढ़ीमा PHD गरेको महिला लाई सेवायोजन अनुरोधमा नियुक्ति आश्वासन दिये को छ।

छ) श्री अंजली भण्डारी, कौलागढ़ छात्रवृत्ति निम्ती 1 लाख दान दिनु भयेको छ।

ज) लच्छीवाला पर्यटन स्थलमा गोर्खा आभूषण तथा पहिरन सुसज्जित गरेको छ।

झ) रायवाला, छिद्दरवाला तथा ऋषिकेश शाखाध्यक्षहरूले नेपाली फार्म तिराहा नाम परिवर्तन न गर्ने निवेदन केन्द्रमा दिये को छ।

ञ) AIGEWA तथा अ०का०उ०भ० को समितीले छात्रवृत्ति फार्म वितरण गरी रहेको छ।

ट) दिल्ली को मुख्यमंत्री माननीय अरविन्द केजरीवालज्यू लाई 22 भाषाहरू की अकादमीमा नेपाली भाषा अकादमी पनि खोलने निवेदन गरैका छौ।

9. **महामंत्री को निवेदन** –

क) असैनिक परिवार का विद्यार्थीहरू लाई धेरै छात्रवृत्ति वितरण गुर्नमा शाखाध्यक्षहरूले प्रेरित गुर्न होस।

ख) सबै सदस्यहरूले सोशल मिडियामा समुदाय उपयोगी जानकारी मात्र प्रेषित गुर्न होस।

ग) जातिप्रमाण पत्र निम्ती स्पष्ट तथा साधारण पहिरन भयेको फोटो दिनु होस।

घ) पछिलो 5 वर्ष देखी लेखाजोखा न गराये को शाखाध्यक्षहरूले केन्द्रको पदाधिकारीको सहयोग लिऐर आडिट गराउनु होला।

10. **उपस्थित महानुभावहरू को सुझाव** :–

**श्री एच बी राना, शाखाध्यक्ष सेवली** – शाखाध्यक्षहरूले सदस्यहरूको सेवामा लागेका छन, हामीले अर्थिक सहायता अति निर्धन तथा दुखः मा परे का परिवार को निम्ती सिफारिश गर्द छौ। यस सहायता बारे शाखालाई सहायतामा उदारता देखाउनु होला, एउटा शाखा मात्रले सहायता धेरै पायों भने हामीलाई दुःख लाग्छ।

**श्री लीला सिंह वली क्षेत्री, शाखाध्यक्ष चकराता** – संघ संस्थाहरू धेरै भयेका छन सबैले आ – आफ्नो पद देखाएर तथा सरकारमा सिफारिश पनि आफै पुरउंद छन, हामी असंगठित भये को अन्य समाज ले अंझै कमजोर बनाउछन । हामी सबै लाई मिलाउने कोशिश गर्ने हो।

**श्री गंगा बहादुर गुरूंग, शाखाध्यक्ष श्यायपूर** – शाखाध्यक्षरूले आ – आफनो शाखामा सेवा कार्य गरी रहे का छन, केन्द्रले पनि यस बारे गम्भीरताले शाखा प्रति विचार गर्नू पर्छ। वाषिकांक तथा मासिक पत्रिकाहरूमा छपाईको स्तर सामान्य भये को छैन, लेखा जोखा तथा दिवगंतहरूको नामावली का धेरै त्रुटिहरू छन, कृपया सुधार सूचना प्रकाशित गरी दिनु होला।

**के. आर. एस. थापा, सहयोजित सदस्य** – कार्यकारिणी तथा स्टाफहरू ले सभामा राम्रोकाम गरी रहेका छन, अंतरंग सभाको कार्यवाही पनी सुचारू रूपले चली रहेको छ तर पदाधिकारीहरूले मासिक बैठक शुरू भन्दा पहिला आसन गरी दिये अंतरंग सभा ठीक समय का प्रारम्भ हुनु सकछ, कृपया सबै पदाधिकारीहरू अध्यक्ष उपस्थित हुनु भन्दा पहिला अंतरंग सभा का बसे को हुनु पर्छ।

**कर्नल जीवन कुमार क्षेत्री, सम्पादक** – पत्रिकाहरू को छपाईमा हामीहरूले सुधार प्रयास गरी रहेका छौ। यस प्रकार ले हजुरहरूको सुझाव तथा त्रुटि सुधार निम्ती हामी अवश्य सजग रहने छौ, त्रुटिहरू को लागी हामी सभा प्रार्थी छौ। भविष्यमा हामी सबैले प्रयास गरी पत्रिका तथा पुस्तक लाई राम्रो रूप दिने छौ।

**कर्नल सी.बी. थापा, पूर्व अध्यक्षज्यूको लिखित सुझाव** – उपनिबन्धक कार्यालय द्वारा नियमावली 2016 का सुधार कार्य बाकी छ साथै यस नियमावलीका टंकण त्रुटि, शब्दहरू तथा वाक्यहरू छुटेका छन 2010 की नियमावली अनुसार शुद्ध गर्ने सुझाव छ।

**माननीय अध्यक्ष महोदय को सम्बोधन** – अध्यक्षज्यू ले अंतरंग सभामा उपस्थित सबै महानुभावहरू की स्वागत गर्नु भयो। अतरंग सभाले छल फल गरेका बुन्दाहरू निस्तारण पनि भयो। उपस्थित अतिथि वक्ताहरूले आ आफ्नो क्षेत्रका समाज प्रति राम्रो कार्य गरी रहे छन हाम्रा समाजका सदस्य हरू लाई सहयोग निम्ती अधि आउनु भयेको मा धेरै, आभार छ।

क) पत्रिकाहरूमा छपाई सुधार हुन बहुत जरूरी छ, सबै ले सुधार मा प्रयास गर्नु पर्छ।

ख) यस कारोना कालमा शाखाहरूको वार्षिक अधिवेशन छुटेको छ भने वहाँ हरूले वार्षिक अधिवेशनको तैयारी गर्नु होस, प्रयाग मानव समिती खटीमा बृद्धाश्रमले मदद निवेदन दियेको छ। अंतरंग समाले 5000/– रुपये दान की सम्पुष्टि दियेको मा सबैलाई धन्यवाद छ।

ग) बलभद् खलंगा विकास समिति तथा बीर गोर्खा कल्याण समिति को संयुक्त प्रयासले प्रर्यटन विभाग द्वारा खलंगा स्मारकको संरक्षण तथा रोडको मरम्मत, सोदर्यीकरण गर्ने आश्वासन पाये को छौ। भविष्य का पनी सहयोग सामजस्य गरी रहने हो। समिति की वार्षिक अधिवेशन 21 अगस्त मा छ, सबै सदस्य उपस्थित हुनु होला।

घ) स्वतन्त्रता दिवस 15 अगस्त 2021 को उपलक्षमा शाखाध्यक्ष अनि सदस्यहरू आमंत्रित छन।

ङ) वर्तमानमा नेपाली फार्म ऐतिहासिक स्थलको नाम परिवर्तन न गर्नु बारे सभाले माननीय मुख्यमंत्रीज्यूलाई पत्र पठायेको छ तथा रायवाला, ऋषिकेश तथा छिद्दरवाला शाखाध्यक्ष, पदाधिकारी तथा सदस्यहरूले स्थानीय विधायक माननीय प्रेमचन्द्र अग्रवालज्यू लाई भेट उपरांत नाम न बदलने आश्वासन मिलने उपलब्धि हो, तर हामी सबै संगठित भयेर गोर्खाका धरोहरहरूलाई संरक्षण गरी सरकार लाई दवाब दिनु जरूरी छ।

च) 28 अगस्त 2021 मा गोर्खाली सुधार सभा को संभागारमा समुदायका वृद्धिजीवी वर्गहरूको उपस्थितीमा बैठक हुने छ। यस सभामा समाजका समस्या तथा जनगणना बारै चिंतन हुने छ, सबै सदस्यहरूलाई लिए शाखाध्यक्ष समयमा पुगी दिनु होला।

अंतमा माननीय अध्यक्षज्यूले अंतरंग सभा सोहार्द पूर्ण योगदान दिनु भयेको धन्यवाद टक्राउनु भयो तथा सभा समापनको घोषणा गर्नु मयो।

# गोर्खा अस्मिता

'शास्त्र हराए काशी जानू न्याय हराए गोर्खा 'जानू' भन्ने गोर्खा आहान प्रसिद्ध छ। गोर्खाहरु न्यायसंगत हुन्छन् । आफू पनि अत्याचार गर्दैनन् न अत्याचार नै सहन तयार हुन्छन् । तर के यो साँचो हो ? वास्तवमा केलाएर हेरयौं भने गोर्खाहरुमाथि अत्याचार भइरहेको हामी देख्छौं।

वीरतामा गोर्खा कहिल्यै पछि परेन। युद्धमा जहिले पनि प्रथम पंक्तिमा लड्ने जाति हो यो। खुकुरी हातमा लिएपछि उसको डर कता भाग्छ भाग्छ। उ कहिल्यै कायर भएन। फिल्डमार्शल मानेकशाले एकपल्ट एउटा गोर्खा सैनिकलाई तिमी मर्नु डराउँछौ भनेर सोधे। सैनिकले सयौं वर्षको परम्परालाई कायम राख्दै भन्यो, 'म मर्न तयार छु, डराउदिनँ।' मानेकशा प्रभावित भए भनेका थिए, 'कसैलाई तिमी मर्नु डराउँछौ भनेर सोद्धा उत्तर डराउदिनँ आयो भने उ कि ढँटुवा हो कि त गोर्खा हो।' शिलाङको हेडक्वार्टर गोर्खा सेन्टरको पर्खालमा यी शब्दहरु अंकित छन्।

खलगाको भत्किसकेको दुर्गमा बसेर, आधा सरो स्त्रीमात्र भएको किल्लामा बलभद्र कुँवरले बड़ो वीरतासाथ युद्ध लड़े। अंग्रेजी पल्टनको श्रेष्ठतामा बलभद्र पछि परेका थिए तर अथाह वीरतामा तिनी अदम्य थिए। जेनेरल जिलेस्पी, अंग्रेज अफसर, खलंगाको दुर्गभित्र पस्न खोज्दा भित्रबाट आएको गोलीले आहत भई मरेका थिए। अंग्रेजले दुर्गमा जाने पानी काटिदिंदा तिनीहरु नांगो खुकुरी लिई दुर्गबाट निस्केर पानी पिई फेरि दुर्गमै फिरेका थिए। अंग्रेज बमबारीले ध्वस्त खलंगा त्याग गर्दा गोर्खा सिपाहीहरु शत्रुकै छेउबाट निस्केर गएका थिए । पछि विजयी अंग्रेजी सेना दुर्गमा पस्दा चारैतिर शवहरु, कराइरहेका घायल भएको अवस्थालाई भेटेका थिए यस्तो अवस्थामा कसरी गोर्खाहरु यत्रो दिन डटेर बसेका रहेछन् भनी अंग्रेज अफसरहरु छक्क परेका थिए । बलभद्र कुँवरको वीरताले प्रभावित भई उनको संझनामा प्रस्तर पाटी पनि बनाई बलभद्रलाई एउटा 'गैलन्ट एडभर्सरी' को रूपमा स्वीकार गरेका थिए ।

उता पश्चिमपट्टि नेपाली सेनापति अमरसिंह थापाका गोर्खाली सेनाहरूले पनि अंग्रेजको यांत्रिक सैन्य श्रेष्ठताको सामना गर्नुपरेको थियो। दरवारले सन्धि गर्न तत्पर भएको समाचारले गोर्खा युद्ध त्यहीं थामिनु परयो अमरसिंह थापा त अझ लड्न उदयत् थिए । त्यसै पनि अमरसिंह थापालाई जित्न गाहारो भई अंग्रेजहरुले तिनलाई फकाइ–फुस्ल्याइ गर्दैथिए । नेपालले हार स्वीकार गरी सन्धि प्रस्ताव गरेपछि अमरसिंह को मन मरयो । आफ्नो देशको हार देख्न नसकी तिनले आफ्नो गला खुकुरीले रेटेर प्राण त्याग गरे ।

अंग्रेजहरूले गोर्खा सिपाहीहरुको वीरताबाट प्रभावित भई सुगौली सन्धिअघि समर्पण गरेका गोर्खा सिपाहीहरुलाई लिएर गोर्खा उर्दीमै ब्रिटिश सेनामा भर्ना गरेका थिए। गोर्खा सिपाही पाउनु अंग्रेजलाई फतह अभियानमा धेरै सुविधा हुनेथियो ।

ब्रिटिश विरूद्ध स्वतन्त्रताको प्रथम संग्राम 1857 मा सेनाहरुले ब्रिटिश विरुद्ध त्यस ताकासम्म गठन भएका दुइ गोर्खा पल्टन पनि सामेल भएका थिए। यिनीहरु ब्रिटिश सेना र राज विरूद्ध अरु भारतीय सेनासँग हात मिलाई सँगसँगै लडेका थिए। पछि अंग्रेजले नेपाललाई विद्रोह दमन गर्न नेपाली पल्टन माग्यो । नेपालमा त्यति बेला नयाँ राणातन्त्र शक्तिमा थियो। अघि अंग्रेजले नेपाल आक्रमण गर्दा नेपालले भारतका कति राजा रजौटाहरुलाई सहायता मागेको थियो। मलाई खाने बाघले तिमीलाई पनि खाला भन्ने आशयको चेतावनी पनि थियो। गुजरातमा एक धनी व्यापारीले मन्दिर बनाउन राखेको पैसा ब्रिटिशलाई नेपाल विरुद्ध लड्न सहायता दियो। शायद नेपालले यो बिसेको थिएन। सेना पठायो अंग्रेजलाई सहायता गर्न तैपनि गोर्खाहरु अघि ब्रिटिश विरुद्ध लड्न रजित सिंहको सेनामा पंजाबमा भर्ना भएका थिए।

अंग्रेजहरुले दशवटा गोर्खा पल्टन भारतमै स्थापन गरेका थिए। भारत स्वतन्त्र भएपछि गोर्खा पल्टन ब्रिटेनले लाने इच्छा गर्दा नेहरु मानेनन्। यो राष्ट्रिय सेना हो तिनले भने। पछि सल्लाह मशविरा र संझौतापछि अंग्रेजले चार गोर्खा पल्टन लग्यो र हङकङ मलाया र अरु ब्रिटिश साम्राज्य क्षेत्रहरुमा पुरयायो। चीनमा कम्युनिज्म आएपछि कोरिया, वियतनाम, लाओस हुँदै यो मलाया पस्न तयार भयो। ब्रिटिशले मलायाको जंगलमा गोर्खा फौज प्रयोग गरी कम्युनिष्ट गुरिल्लाहरुसित युद्ध गरयो र मलायालाई कम्युनिज्मदेखि बचायो। श्रेय गोर्खाको जंगलमा गर्ने युद्ध कौशल हो।

अंग्रेजले गोर्खालाई फकलैण्ड टापूको रक्षा गर्न पनि प्रयोग गर्‍यो फकलैण्ड टापू आक्रमण गर्नआएका अर्जेन्टिनाका सिपाहीहरूले बताएका छन् गोर्खाहरुसँग आमने–सामने युद्धमा पर्दा उनीहरूले खुकुरी निकालेर बिजली जस्तो छिटो आएर टुन्क्याउँदा रहेछन् हामीलाई हामी सबै लाटिएर हात उचाल्थ्यौ। इण्डोनेशियाको तिमोर टापूमा स्वतन्त्रताको युद्धकालमा शान्ति कायम गर्न र युगोस्लाभियाको कोसोबोमा शान्ति प्रहरीको रूपमा पनि अंग्रेजले गोर्खालाई नै खटाएका थिए।

अंग्रेजहरूले गोर्खाको वीरता पक्षको शोषण गरेको कथा माथि भनियो। कति ब्रिटिश अफसरहरु सधै गोर्खाको वीरताको कदर गधी तर राम्ररी विचार गर्दा अंग्रेजहरूले गोर्खालाई सिपाहीदेखि माथि उठ्न दिएनन् कर्त्तव्यनिष्ठ भएर गोर्खाले दार्जीलिङमा उनीहरुको चिया फैक्टरी चलाइदिए, चियापत्ती टिपिदिए, सेनामा भर्ना भइदिए, बाटो खनिदिए फारस फाँडिदिए, घर रूगिदिए, खाना पकाइदिए, गार्डन गोडिदिए तर उनीहरुले गोर्खालाई त्यही अवस्थामा राख्न खोजे पल्टनमा मेजर वा कर्नलसम्म पदवी दिएपछि माथि बढाएनन् । भारतले पनि अहिले त्यही प्रवृत्ति लिएको छ । संसारका श्रेष्ठ लड़ाकूहरू ब्रिगेडियरभन्दा माथि उक्लेका छैनन्।

सिक्किमदेखि जितेको, पछि ब्रिटेनले लिएको, दार्जीलिङको भूभाग र भोटाङबाट जितेको भूभागमा नेपालीभाषी जनसंख्या ज्यादा

थियो। दार्जीलिंग जिल्ला बनाएर बंगालमा गाभेपछि गोर्खाहरुमा अशान्ति छायो। 1907 मा दार्जीलिङ जिल्ला बिहारमा भएको बेला दार्जीलिंगका केही बुद्धिजीवी र विद्वा सरकारलाई दार्जीलिङ एउटा छुट्टै प्रदेशमा सृष्टि होस् भन्ने याचिका पठाएका थिए। बगालसँगको रहन–सहन, परम्परा खान–पकवान, भाषा केही नमिल्ने बुझी यी बुद्धिजीवीहरुले 1907 1917, 1930 1934. 1941 मा अंग्रेज सरकार र बेलायतमै अंग्रेजी साम्राज्यका सरकारअघि बिन्ति चढ़ाएका थिए। ब्रिटिशहरूलाई थाहा थियो, यद्यपि कांग्रेसको प्रभाव दार्जीलिङमा पर्दैन थियो, तिनीहरु त्यति विघ्न ब्रिटिश विरोधी थिएनन। तर अंग्रेज सरकारले एउटै ध्यान दिएन। भारतमा कांग्रेस र अरू पार्टीको सबैको स्वराज्य मागले प्रेरित भएर देहरादूनमा गोर्खालीग (1925) र दार्जीलिंगमा अखिल भारतीय गोर्खालीग (1943) तथा कम्यूनिष्ट पार्टी (1945) मा स्थापन भयो। यिनीहरुले पनि छुट्टै प्रदेशकै माग गरे तथा बरू आसाममा गाभियोग सम्म भने दुवै राज्यको माग जारी रह्यो तर बंगाल विभाजन नगर्ने बंगालको कूटनीति तथा राजनैतिक नेतृवृन्दको विकृत विचारहरुले गर्दा अझ त्यो सपना पूरा भएको छैन।

1947 मा दार्जीलिङबाट जब अंग्रेजहरू गए, अंग्रेजहरूले आफ्नो घर, जमीन कोही नेपालीलाई बेचेनन् सब अरुले किने। गोर्खाको पैसा किन थिएन र ? हुनता दुइसय वर्षसम्म अंग्रेजले भारतलाई शोषण गरेरै बस्यो । तर जुन जातिले ब्रिटिशलाई वीर जाति नै मान्थ्यो, उसले तर केवल नौकर मात्र व्यवहार गरेको रहेछ। जुन जातिले उसको साम्राज्य रक्षा गरिदियो, लाखौंको रूपमा दुइ महायुद्धमा उसको भूमिको सुरक्षा गरिदियो, त्यस जातिका दलले दार्जीलिङमा एउटा प्रदेश माग्दा पनि पाएन।

उदाहरणको निति भर्खरको केस हेरौं ब्रिटिश सेनामा गोर्खा सैनिकले तनखा ब्रिटिश सैनिकले जाति पाउँदैन्थ्यो। पेन्सन पनि कम पाउँथ्यो। ब्रिटिश पाउण्ड र नेपाली रूपियाँले किन्नसक्ने अनुपातमा तनखा र पेन्सन निर्णय हुन्थ्यो । ब्रिटिश गोर्खा सोल्जर्स एशोसिएसनले बेलायतमै मुद्दा लड़ी भर्खर कैस जितेको छ । अब गोर्खा सिपाहीले ब्रिटिश सिपाहीले पाउने बराबरको तनखा पाउने भएको छ। पेन्सन पनि त्यसरी नै तय हुनेछ तथा ब्रिटिश गोर्खा सिपाही रिटाएर भएपछि इंगलैण्डमै बस्नपाउने उसको अधिकार भएको छ । नेपालका गोर्खाहरुले लडेर यो अधिकार पाए। भारत आफ्नै देशमा भने भारतीय गोर्खाहरु प्रति देश र सरकारको मनोवृत्ति ब्रिटिशकै जस्तो भएको देखिन्छ।

भारतका गोर्खा जातिको विशिष्टतालाई चिनाउन र कायम राख्न प्रत्येक भारतीय गोर्खा गोलवद्ध भई अघि आउन पर्ने अब जरूरत छ।जारमा काम गर्ने।' भनेर उसले मेरो प्रतिक्रिया थपी, 'कत्ति दिन भाको थियो अरे भुँडी दुखेको, ले स्क्यानिङ गर्नु भनेको थिएछ, के भन्छ त्यो नगरको नर्सिङ होम, हो त्याँ स्क्यानिङ गर्नु जाँदा राको थियो अरे बेडमा।'

अन्डा बेच्दो रैछ भनेर चौं नभन्नु है अरूलाई, बदनाम हुन्छ 'बिचराको।' पनि थपी उसले। श्रीमतीको कुरो नबुझेर मैले सोधें, 'अन्डा बेच्ने कामसित चें अस्पताल किन जोडेको ? बिमारी भयो होला, गयो होला नि अस्पताल। फेरि सिलगढीमा अन्डा बेच्दा चौं केको बदनाम हो ?'' 'त्यो अन्डा हो त लाटा! 'स्मित अनुहारले मतिर हेरेर उसले भनी।

स्व० एल.बी.राई. दिल्ली

# निशब्द

एकदिनको कुरो हो, पल्लो गाउँकी सुष्मा भाउजू भन्दै थिई – 'स्कूलकी प्रधानापिका हुनु पनि साहो! यो काम गर! त्यो काम गर! अचेल त पहिले जस्तो सजिलो कहाँ छ ! साहो छ नि बहिनी।'

'हो त ड्यूटी इज ड्यूटी!' तर भन्न सकिनँ, भाउजुले नै भनी– शिक्षाको वर्तमान स्तर र शिक्षक अनि विद्यार्थीमाझको सम्बन्ध' माथि एउटा सङ्गोष्ठी छ तीन तारिख । बहिनी मलाई एउटा राम्रो अध्यक्षीय भाषण लेखिदिनुहोस् न यसै विषयलाई समेटेर ! तपाईं त लेखिरहने मान्छे, राम्रो लेखिदिनु हुन्छ भनेर नि! भाउजु धपक्क हाँसी तर यतिखेर एउटी प्रधानापिकाको अनुहार हेर्न सकिनँ मैले सायद आँट पुगेन मेरो।

'नाइँ भन्न नसक्नु' मेरो सुसंस्कार हो कि भूल संस्कार आजसम्म बुझ्न सकेकी छैन । केही सोचेर भने– 'कहिले चाहिन्छ तपाईंलाई ? आज त एक तारीख। भोलि दिनुहोस् न! बेलुकी निस्किन्छु नि म बहिनीको घर। कुरा तन्काइनै मैले, वेचन दिइहालें – हवस् भोलि निस्किनुहोस् न!' मलाई पनि ड्यूटी जान हतार नै थियो।

भोलि साँझपख भाउजू आईन् घरमा। कागज हातमा राखिदिएपछि सरासरी पन्ना पल्टाउँदै भनिन्– 'तपाईंलाई धेरै धेरै धन्यवाद । हाम्री बहिनीलाई ईश्वरले सँधै ज्ञानी मानी बनाइराखुन्। पराईको हेरन हैन्डराइटिंग पनि कति राम्रो हौ! मानाभरिको प्रशंसाले पनि तर मलाई भने पटक्क खुशी लागेन । बरू सेवा नै धर्म हो तर कसैको सेवा गरेर आफैलाई खिन्नता वोध हुने यो तिम्रो कस्तो सेवा हँ ? भित्रबाट कसैले प्रश्न गयो अनायासै

मुरी– मुरी धन्यवाद दिएपछि भाउजू गेटतिर जाँदाजाँदै टक्क अडिन् र पुनः मतिर फर्किन् अनि कानको छेउमै आएर– भनिन्– 'सुन्नुहोस् न बहिनी! तपाईंले लेखिदिनु भएको यो कुरो कसैले थाहा नपाओस् ल । '

म स्तब्ध, निशब्द ! भाउजूको चम्किलो आँखा र गाढ़ा मुस्कान देखेर सौँच्न वाध्य भएँ..........

हरे! जतातत्तै भौप्वाँल !

उषा किरण 'सत्यदाशी'
खरसांग

# गोपाल सिंह नेपालीको हिन्दी कविता
# ‘दो मेघ मिले बोले- डोले, बरसाकर दो-दो बूंद चले

भौंरों को देख उड़े भौरें, कलियों को देख हंसी कलियां,
कुंजों को देख निकुंज हिले, गलियों को देख बसी गलियां,
गुदगुदा मधुप को, फूलों को, किरणों ने कहा जवानी लो,
झोंकों से बिछुड़े झोंकों को, झरनों ने कहा, रवानी लो,
दो फूल मिले, खेले–झेले, वन की डाली पर झूल चले,
दो मेघ मिले बोले–डोले, बरसाकर दो–दो बूंद चले।
इस जीवन के चौराहे पर, दो हृदय मिले भोले भाले,
ऊंची नजरों चुपचाप रहे, नीची नजरों दोनों बोले, दुनिया ने
मुंह बिचका–बिचका, कोसा आजाद जवानी को,
दुनिया ने नयनों को देखा, देखा न नयन के पानी
दो प्राण मिले झूमे–घूमे, दुनिया की दुनिया भूल चले,
दो मेघ मिले बोले–डोले, बरसाकर दो–दो बूंद चले।
तरुवर की ऊंची डाली पर, दो पंछी बैठे अनजाने, दोनों का
हृदय उछाल चले, जीवन के दर्द भरे
मधुरस तो भौरें पिए चले, मधु–गंध लिए चल दिया पवन,
पतझड़ आई ले गई उड़ा, वन–वन के सूखे पत्र – सुमन
दो पंछी मिले चमन में, पर चोंचों में लेकर शूल चले,
दो मेघ मिले बोले–डोले, बरसाकर दो–दो बूंद चले।
नदियों में नदियां घुली–मिलीं, फिर दूर सिंधु की
नदियों में नदियां घुली – मिलीं, फिर दूर सिंधु की ओर चलीं,
धारों में लेकर ज्वार चलीं, ज्वारों में लेकर भौंर चलीं,
अचरज से देख जवानी यह दुनिया तीरों पर खड़ी रही,
चलने वाले चल दिए और, दुनिया बेचारी पड़ी रही,
दो ज्वार मिले मझधारों में, हिलमिल सागर के कूल चले,
दो मेघ मिले बोले–डोले, बरसाकर दो–दो बूंद चले।
हम अमर जवानी लिए चले, दुनिया ने मांगा केवल तन,
हम दिल की दौलत लुटा चले, दुनिया ने मांगा केवल धन,
तन की रक्षा को गढे नियम, बन गई नियम
हम अमर जवाना लिए चल, दुनिर केवल तन,
हम दिल की दौलत लुटा चले, दुनिया ने मांगा केवल धन,
तन की रक्षा को गढ़े नियम, बन गई नियम दुनिया ज्ञानी,
धन की रक्षा में बेचारी, बह गई स्वयं बनकर पानी,
धूलों में खेले हम जवान, फिर उड़ा–उड़ा कर धूल चले,
दो मेघ मिले बोले–डोले, बरसाकर दो–दो बूंद चले।

## वार्षिक अधिवेशन श्यामपुर शाखा

दिनांक 21 मार्च 2021

गोर्खाली सुधार सभा को श्यामपुर शाखा को वार्षिक अधिवेशन —— दुर्गा मंदिर परिसरमा, कर्मठ शाखाध्यक्ष श्री गंगा बहादुर गुरूंगज्यू को अध्यक्षतामा सम्पन्न भयो, वहाँले सर्वप्रथम मुख्य अतिथि केंद्रीय अध्यक्ष श्री पदम सिंह थापाज्यू साथै वरिष्ठ उपाध्यक्ष श्री राजन क्षेत्री , उपाध्यक्ष सुश्री पूजा सुब्बा, महामंत्री श्री गोपाल क्षेत्री, प्रबंधक प्रभा शाह को स्वागत अभिनंदन गर्नु भयो उपाध्यक्ष श्री खेम बहादुर गुरूंगज्यू ले शाखा को वर्षभरिको कार्य एवं आय –व्यय को लेखाजोखा पढ़ेर सुनाउनु भयो यस अवसरमा शाखाध्यक्षज्यूले – पूर्व केंद्रीय अध्यक्ष ब्रिगेडियर पी०एस०गुरूंग, कर्नल बी०एस०क्षेत्री , कर्नल सी०बी०थापा लाई वहाँहरू को कार्यकालको उपलब्धिहरू एवं सभा प्रति वहाँहरूको उत्कृष्ठ योगदान निम्ती सम्मानित गर्नु भयो यसै क्रममा शाखा को स्व० कै०भगवान सिंह थापा एवं स्व०श्री गोविंद सिंह थापा (मरणोपरांत) परिवार लाई एवं केंद्रीय उपाध्यक्ष सुश्री पूजा सुब्बाज्यू लाई सम्मानित गर्नु भयो केंद्रीय अध्यक्षज्यूले शाखाको 10 जना मेघावी छात्र–छात्राहरू लाई छात्रवृत्ति प्रदान गर्नु भयो शाखा को श्री ओ०पी०क्षेत्री , श्री श्याम सिंह शर्मा, श्री सागर थापा एवं श्री एल ०वी०सिंह ले आफ्नो आफ्नो विचार राख्नु भयो केंद्रीय अध्यक्षज्यू ले शाखा अध्यक्ष श्री गंगा बहादुरज्यू द्वारा केंद्र लाई समय समयमा वहाँ को सराहनीय योगदान को धेरै प्रशंसा गरनु भयो वहाँ ले केंद्र द्वारा शासन प्रशासनमा पत्राचार , कार्य ,उपलब्धिहरू एवं आगामी योजनाहरू को विषयमा विस्तारले अवगत गराउनु भयो वहाँ ले शाखा द्‌वारा भविष्यमा पनि यस्तै योगदान प्रति आशा जनाउनु भयो यस अवसरमा श्री टी०बी०राना, श्री श्याम दर्शन, श्री मान सिंह थापा,श्री रूपेश थापा, श्रीमती सुनीता राना, श्रीमती बीना पुन एवं शाखा को वरिष्ठ महानुभावजन, मातृशक्तिहरू एवं युवाशक्ति सबै उपस्थित थिये

# त्रुटि सुधार (वार्षिक अधिवेशन)

83 औ वार्षिक अधिवेशन 2021 को पुस्तिकामा निम्नलिखित लेख / त्रुटिहरूमा सुधार गरि यस पराले प्रकाशित गरिये को छ।

क) पृष्ठ न० 07

(i) को लागि :– माखाध्यक्ष एवं माखा प्रतिनिधि लाई
पढ़ने :– शाखाध्यक्ष एवं शाखा प्रतिनिधि पढ्नु होला

| | | |
|---|---|---|
| i. इन्द्रनगर | :– | इन्द्रानगर |
| ii. छददरवाला | :– | छिद्दरवाला |

| **पूर्व प्रकाशित** | **भूल** | **सुधार** |
|---|---|---|
| (ख) पृष्ट 14 प्रथम पारा | (ख) आजीवन सदाय | 41.900 |
| पृष्ट 25 प्रथम लाईन | पूर्व शाखा सांसद | पूर्व राज्य सभा सांसद |
| पृष्ट 28 क्रम 6 | स्व. श्री दोमाया गुरूंग | स्व श्रीमती दोमाया गुरुग |
| पृष्ट 28 क्रम 14 | स्व. श्री वि.म सिंह क्षेत्री | स्व. श्री विक्रम सिंह क्षेत्री |
| पृष्ट 29 क्रम 24 | स्व. श्री चन्द्रकला बुडाथोकी | स्व. श्रीमती चन्द्रकला बुडाथोकी |
| पृष्ट 29 क्रम 38 | स्व. श्री विमला टाकुर | स्व. श्रीमती विमला ठाकुर |
| पृष्ट 30 क्रम 47 | स्व. श्रीमती अम्बेश्वरी बुयथोकी | स्व. श्रीमती अम्बेश्वरी बुडाथोकी |
| पृष्ट 33 क्रम 122 | स्व. ब्रि.बी.एस. बिष्ट | स्व. ब्रिगे एन बी एस. विष्ट, पुर्व अध्यक्ष |
| (ग) निम्न लिखित आजीवन सदस्य स्वर्गवान भये | | |
| पृष्ट 34 क्रम 151 | – | स्व. श्रीमती कमला थापा रायपुर |
| पृष्ट 34 क्रम 152 | – | स्व. कर्नल ए बी मल्ल नवादा |

## सभा द्वारा आर्थिक सहायता



## पतंजलि योगपीठ हरिद्वार बाट आउनु भयेको हाम्रो स्वाभिमान ट्रस्टको महामंत्री साध्वी देवादितिज्यूको सभागारमा स्वागत अभिनंदन



## सभाका कौशली सांगितिक सदस्यहरूको प्रतिभा को सम्मान





# छात्रवृत्ति दानदाता





## आदिकवि भानुभक्त आचार्यज्यूको 207औं जन्म जयंति कार्यक्रमको आयोजन



धन्यवाद हिंदुस्तान

**नुभक्त आचार्य की कविताओं का**

**भा ने किया आदिकवि भानुभक्त**

**आदिकवि भानुभक्त आचार्य को नमन किया**

देहरादून। गोर्खाली सुधार सभा में आदिकवि भानुभक्त आचार्य का 207वीं जन्मजयंती समारोह मनाया गया। अध्यक्ष पदम सिंह थापा ने शुभकामनाएं दीं। मुख्य अतिथि टीडी भूटिया, वरिष्ठ उपाध्यक्ष राजन क्षेत्री, उपाध्यक्ष पूजा सुब्बा, कर्नल सीबी थापा, कर्नल डीएस खड़का, कर्नल जीवन कुमार क्षेत्री ने प्रतिमा पर माल्यार्पण किया। यहां सचिव मधुसूदन शर्मा, सांस्कृतिक सचिव वाईबी थापा, कर्नल माया चौधरी, शाखा अध्यक्ष शंकर थापा, पदम शाही, एचबी राणा, नरेंद्र सिंह गुरुंग, वीपी ढकाल, सपना मल्ल, मोनिका थापा, नीलम क्षेत्री, पूर्णिमा प्रधान, मीडिया प्रभारी प्रभा शाह मौजूद रहे।

जुलाई 15-7-2021 बुधवार

**आदिकवि भानुभक्त आचार्य को किया याद**

देहरादून। गोरखाली सुधार सभा की ओर से आदिकवि भानुभक्त आचार्य की 207वीं जयंती मनाई गई। वक्ताओं ने कहा कि नेपाली भाषा, संस्कृति एवं एकीकरण में आदिकवि भानुभक्त आचार्य का ऐतिहासिक योगदान रहा है।

कार्यक्रम में मुख्य अतिथि पूर्व राज्यमंत्री टीडी भूटिया, सभा के वरिष्ठ उपाध्यक्ष राजन क्षेत्री, उपाध्यक्ष पूजा सुब्बा, कर्नल सीबी थापा, कर्नल डीएस खड़का और कर्नल जीवन कुमार क्षेत्री ने आदिकवि भानुभक्त की प्रतिमा पर माल्यार्पण कर उन्हें नमन किया। मीडिया प्रभारी प्रभा शाह ने भानुभक्त ने महिलाओं को अग्रणी पंक्ति में रखने का प्रयास किया। इस मौके पर पं. गोविंद प्रसाद, भूपेंद्र अधिकारी, उमा उपाध्याय, मधुसूदन